# स्थानीय राजपत्र

गौरीशंकर गाउँपालिकाद्वारा प्रकाशित

| खण्ड १ | संख्या ४ | मिति: २०७६/०१/०३ |
|---|---|---|

**भाग १**

**गौरीशंकर गाउँपालिका**

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन संख्या ४

# गौरीशंकर गाउँपालिकाको शिक्षा ऐन, २०७५

**प्रस्तावना:**

सवैका लागि शिक्षाको मूल मर्म अनुरुप प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको सरहद भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

गौरीशंकर गाउँपालिका, दोलखा

नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ वमोजिम गौरीशंकर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"गौरीशंकर गाउँपालिकाको शिक्षा ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) **"ऐन"** भन्नाले गौरीशंकर गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले गौरीशंकर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) **"कोष"** भन्नाले दफा ४५ बमोजिमको विद्यालयको कोषलाई सम्झनु पर्छ ।

(ङ) **"गाउँपालिका"** भन्नाले गौरीशंकर गाउँपालिकालाई सम्झनुपर्छ ।

(च) **"गाउँसभा"** भन्नाले गौरीशंकर गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गौरीशंकर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने सम्झनुपर्छ ।

(ज) **"प्राविधिक तथा व्यवसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(झ) **"बाल शिक्षा केन्द्र"** भन्नाले चार वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि  खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेस्वरी आदि सम्झनु पर्छ ।

(ञ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ट) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ठ) **"व्यवस्थापन समिति"** भन्नाले दफा १९ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ड) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ढ) **"संस्थागत विद्यालय"** भन्नाले निजी तवरबाट स्थापित विद्यालय सम्झनुपर्दछ ।

(ण) **"शिक्षा अधिकृत"** भन्नाले गाउँ कार्यपालिकाकाको शिक्षा शाखाको प्रमुख वा सो कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(त) **"शिक्षा शाखा"** भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा इकाईलाई सम्झनु पर्छ ।

(थ) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उदेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

गौरीशंकर गाउँपालिका, दोलखा

## परिच्छेद- दुई

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

३. **विद्यालय शिक्षाको** तह २ **प्रकारका हुनेछन्** :

**(क) आधारभूत तह** : कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ, आधार भूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र बाल विकास केन्द्र अन्तर्गत वाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डरगार्डेनहरु रहनेछन् ।

(ख) **माध्यमिक तह** : कक्षा १२ सम्म अध्यापन हुनेछ ।

४. **माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक तहको शिक्षामा देहायका प्रकार हुन सक्नेछन् ।

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

५. **शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि देहाय बमोजिम शिक्षाको माध्यम हुन सक्नेछ :-

(क) आधारभूत (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

गौरीशंकर गाउँपालिका, दोलखा

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था** : गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७. **विद्यालयको वर्गीकरण:** विद्यालयको सम्पति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ :

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

(घ) साझेदारी विद्यालय

(ङ) धार्मिक विद्यालय

८. **विद्यालय संचालन गर्न अनुमति लिनुपर्ने** :

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न निवेदन दिन सक्नेछन् ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन

उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी राय सहित गाउँ शिक्षा समितिमा प्रतिवेदन पेश गर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न उपयुक्त देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले पुनः अनुमति तथा स्वीकृति प्रदान गर्नेछ ।

(५) प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदद्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायीक माध्यमिक शिक्षा (टि.एस.ई.ई) सञ्चालनका लागि कुनै सामुदायीक माध्यमिक विद्यालयले आवेदन गरेमा परिषदद्वारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गरी उपयुक्त देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवन वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँ कार्यपालिकाको कार्यालयमा आवेदन दिनु पर्नेछ । गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछन् ।

(१०) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइनेछैन ।

(११) साझेदारी विद्यालयको सञ्चालन गर्न सरकारी विद्यालयको पूर्वाधार उपयोग गरेर निजी लगानीकर्ताले विद्यालय सञ्चालन गर्न सक्नेछन् । गाउँपालिकाले आवश्यक ठानेमा आफू अन्तर्गतका कुनै विद्यालयलाई निश्चित शुल्क लिई गुणस्तरीय शिक्षा प्रदान गर्ने सर्तमा निश्चित अवधिका लागि साझेदारीमा सञ्चालन गर्न स्विकृति प्रदान गर्न सक्नेछ। यस प्रयोजनका लागि गाउँपालिकाको शिक्षा शाखाले साझेदारीका सर्तहरु तयार गर्नेछ ।

(१२) यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्था :

(१) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम संचालन भएका मानिनेछन् । तर यस अघि संचालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजातहरु पेश गर्नु पर्नेछ ।

९. **धरौटी राख्नु पर्नेः** संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिम रकम धरौटीको रूपमा राख्नु पर्नेछ ।

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

(ग) प्राथमिक विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ,

तर, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा अति विकट भौगोलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा गाउँ कार्यापालिकाले धरौटी छुट दिन सक्नेछ ।

१०. **धरौटी रकम जम्मा गरिने** :

(१) विद्यालयले तोकिए बमोजिमको धरौटी बापतको रकम विद्यालयको आफ्नो धरौटी खातामा जम्मा गर्नुपर्नेछ र सो खाता गाउँपालिकाले रोक्का राख्नेछ ।

११. सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र शहिद प्रतिष्ठानद्धारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन वमोजिम पालना गर्नुपर्नेछ ।

१२. गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न तथा यस सम्बन्धि थप व्यवस्था गर्न सक्नेछ ।

१३. **वाल गृहको संचालन:** गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह संचालन गर्न पाउनेछ। वाल गृह संचालनको लागि आवश्यक प्रकृया, कायम गर्नुपर्ने गुणस्तर तथा यस सम्बन्धी अन्य व्यवस्था गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **सामुदायिक सिकाई अध्ययन केन्द्र सञ्चालन गर्न सक्ने** : गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ अध्ययन केन्द्र सम्पूर्ण वडाहरुमा सञ्चालन गर्न सक्नेछ। यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय समेत सञ्चालन हुन सक्नेछ ।

१५. **गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा कक्षा स्तरोन्नति गर्न वा घटाउन सक्ने :**

(१) तोकिएको मापदण्ड बमोजिम गाउँपालिकाले हाल सञ्चालन भइरहेका विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा नाम परिवर्तन गर्न वा बन्द गर्न, कक्षा स्तरोन्नति गर्न वा घटाउन सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नु परेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँ कार्यपालिकामा स्वीकृतीका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत साम्प्रदायिक द्वन्द भल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा कम्तिमा

५०,००,०००।- (पचास लाख रुपैँया मात्र), आधारभूत तहको हकमा कम्तिमा ३०,००,०००। (तिस लाख रुपैँया मात्र) रुपैँया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

तर, माथि जुनसुकै कुरा उल्लेख गरेको भएता पनि विद्यालयको नाम राख्ने वा परिवर्तन गर्न वा अन्य प्रयोजनमा चन्दा दिन चाहने व्यक्ति वा संस्थाले दाखिला गर्ने रकमको स्रोत प्रचलित कानून बमोजिम अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

## परिच्छेद : ३

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

१६. **गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्था** :

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाउँ कार्यपालिकाका महिला वा दलित समेत गरी २ जना - सदस्य

(ग) गाउँपालिका शिक्षक महासंघको कार्यसमितिको निर्णय वमोजिम सोको अध्यक्ष वा अन्य प्रतिनिधि - सदस्य

(घ) संस्थागत विद्यालयका सञ्चालकहरु वा सामुदायिक माध्यमिक विद्यालयका मा.वि. शिक्षकहरु मध्ये अध्यक्षबाट मनोनित एकजना - सदस्य

(ङ) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्ये गाउँकार्यपालिकाबाट मनोनित एकजना - सदस्य

(च) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये गाउँ कार्यपालिकाबाट मनोनित एक जना - सदस्य

(छ) सामुदायिक माध्यमिक विद्यालयका प्र.अ.हरु मध्ये अध्यक्षबाट मनोनित एक जना - सदस्य

(ज) शिक्षा अधिकृत - सदस्य-सचिव

(२) समितिको बैंठक संचालन प्रकृया तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) अनुसार नियूक्त सदस्यले पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि निजलाई मनासीव माफिकको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१७. गाउँपालिका अन्तर्गतका शिक्षा सम्वन्धि कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत रहने छन् । निजको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१८. **वडा शिक्षा समिति सम्बन्धी व्यवस्था** :

(१) वडामा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गरिने छः

(क) सम्बन्धित वडाको वडाध्यक्ष **अध्यक्ष**

(ख) वडा समितिका सदस्य मध्ये वडा समितिले तोकेको एक महिला सदस्य **सदस्य**

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना **सदस्य**

(घ) विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा समितिले तोकेको एक जना **सदस्य**

(ङ) महिला शिक्षकाहरु मध्येबाट वडा समितिले तोकेको एक जना **सदस्य**

(च) वडा भित्रका शिक्षाप्रेमी, समाजसेवी, चन्दादाताहरु मध्येबाट वडा समितिले तोकेको एक जना दलित महिला सहित दुई जना **सदस्य**

(छ) सम्बन्धित वडाका वडा सचिव **सदस्य सचिव**

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१९. **विद्यालय व्यवस्थापन समिति** :

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) समितिका सदस्यहरूले (ख) र (घ) मध्येबाट छानेको व्यक्ति **-अध्यक्ष**

(ख) अभिभावकहरु मध्येबाट छानिएका कम्तीमा दुई महिला सहित चारजना **-सदस्य**

(ग) वडाध्यक्ष वा निजले तोकेको वडा समिति सदस्यबाट एकजना **-सदस्य**

(घ) विद्यालयका संस्थापक, बुद्धिजिवी, चन्दादाताहरू मध्येबाट वडा समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना **-सदस्य**

(ङ) शिक्षक प्रतिनिधी मध्येबाट एक जना **-सदस्य**

(च) स्थानीय शिक्षाप्रेमी मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको एक जना **-सदस्य**

(छ) विद्यालयको प्रधानाध्यापक **-सदस्य-सचिव**

गौरीशंकर गाउँपालिका, दोलखा

(**पुनश्चः** वाल क्लवहरुको तर्फबाट १, १ जना बालक र बालिकालाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ । माथि उल्लेख गरिएका बाहेक लाभको पद धारण गरेका व्यक्ति समितिमा रहन पाउने छैनन् ।)

(२) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा वडा शिक्षा समितिको परामर्शमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर, त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) विद्यालयलाई शान्ती क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएका सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(४) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैँ बनाउन सक्नेछ ।

(२०) **शिक्षक विद्यार्थी अविभावक संघ** : सबै विद्यालयमा शिक्षक विद्यार्थी अविभावकहरु रहेको एक शिक्षक विद्यार्थी अविभावक संघ रहनेछ । यस सम्बन्धी कार्यविधि गाउँ शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

२१. **गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्ने** :

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक

पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय तथा प्रादेशीक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गरी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ र सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाईमा दिनु पर्नेछ ।

२२. **शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता** : शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था** :

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले विद्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको पाईएमा,

(ङ) निजले अध्यापन गरेको विषयमा प्रत्येक ३ बर्षको औषत

शैक्षिक उपलब्धी ४०% भन्दा कम भएमा थप एक शैक्षिक शत्र प्रगतीका लागि मौका प्रदान गर्ने अन्यथा पदवाट मुक्त गर्न सिफारिस गर्ने ।

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ ।

## परिच्छेद ५

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

२४. **शिक्षक तथा कर्मचारीको नियुक्तिः**

(१) विद्यालयमा कायम भएको रिक्त दरवन्दीमा करार शिक्षक तथा कर्मचारी नियुक्तिको व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) गाउँपालिकाको शिक्षा अधिकृत - सदस्य

(ग) गाउँपालिकाले तोकेको सम्बन्धित विषयको मा.वि. शिक्षक - सदस्य

तर कर्मचारी छनोटको हकमा गाउँपालिकाले तोकेको गाउँपालिकाको कर्मचारी सदस्य हुनेछ ।

(घ) प्रधानाध्यापक - सदस्य-सचिव

(२) शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी व्यवस्था र सो समितिको कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२५. **प्रधानाध्यापक सम्बन्धी व्यवस्था** :

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **शिक्षकको सरुवा:** शिक्षकको सरुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **दरवन्दी मिलान** :

(१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत शिक्षक-विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(२) दरबन्दी मिलान गर्दा विद्यालयको शिक्षक र विद्यार्थीको अनुपात, भौगोलिक अवस्था तथा विद्यालय रहेका स्थानहरु बिचको दुरीलाई आधार मानी गरिनेछ ।

(३) दरवन्दी मिलान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) स्थाई/अस्थाई/राहत दरवन्दी मिलान तथा सरुवा गर्दा तोकिए बमोजिम हुनेछ ।

२८. **शिक्षकको बढुवा सम्बन्धी व्यवस्था** : हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानून बमोजिम हुनेछ । करार शिक्षककहरुको हकमा बढुवा हुनेछैन ।

२९. **शिक्षकलाई अन्य काममा लगाउन नहुने** :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको

पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३०. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने** : शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार गर्नुपर्नेछ :

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग तथा वडा शिक्षा समितिको अध्यक्षको रोहवरमा प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता एक शैक्षिक सत्रको हुनेछ। सम्झौता अनुसार काम भए नभएको अनुगमन मूल्यांकन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले शैक्षिक सत्रको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु गाउँ शिक्षा समितिले निर्धारण गरी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

३१. **कार्य सम्पादन मूल्यांकन, पुरस्कार र दण्ड सजाय:** कार्य सम्पादन मूल्यांकन, पुरस्कार र दण्ड सजाय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

३२. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण** :

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, प्रयोगशाला तथा पुस्तकालय, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ

पिउने पानी, छात्र छात्राका लागि अलग-अलग शौचालय तथा सिकाई मैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ ।

३३. **विद्यालयको सम्पत्ति** :

(१) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(२) कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(३) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ कार्यपालिकाको अनुमति लिनु पर्नेछ ।

३४. **सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन** :

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहनेछ । सो विद्यालय खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले भोग चलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा

व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको हुनेछ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको रहनेछ ।

३५. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक** :

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही विद्यालयले प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्नेछ ।

(२) आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र वडा शिक्षा समिति मार्फत गाउँ शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) आधारभूत तह सम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि गाउँ शिक्षा समितिको अनुमति प्राप्त गरी विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागु गर्न सक्नेछ ।

(५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वअध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ ।

३६. **अतिरिक्त शैक्षिक क्रियाकलाप** : विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बाल क्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य,

अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद: ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन र नियमन

३७. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमती वा स्वीकृती लिनुपर्नेछ ।

३८. **संस्थागत विद्यालयको व्यवस्थापन समिति** :

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट - **अध्यक्ष**

(ख) अभिभावक मध्येबाट कम्तीमा एक महिला सहित दुई जना - **सदस्य**

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येब वडा शिक्षा समितिबाट मनोनित एक जना - **सदस्य**

(घ) गाउँपालिकाको शिक्षा अधिकृत वा निजले तोकेको कर्मचारी - **सदस्य**

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एक शिक्षक - **सदस्य**

(च) विद्यालयको प्रधानाध्यापक - **सदस्य-सचिव**

(**पुनश्च**: वाल क्लवहरुको तर्फबाट १ जना छात्र र १ जना छात्रालाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ ।

(२) उपदफा (१) को (क), (ख) र (ग) बमोजिम छानिएका अध्यक्ष वा

सदस्यको पदावधि ३ (तीन) वर्षको हुनेछ । संस्थागत विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धित वडा शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको सदस्यको रोहवरमा गर्नुपर्नेछ ।

३९. **संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** :

(१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने** :

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका, महिला, दलित, सिमान्तकृत विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा शिक्षा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको आधार, शर्त र प्रक्रिया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

४१. **शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने**: गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र विद्यालयको न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

४२. **अनुगमन तथा मूल्याङ्कन** : गाउँपालिका भित्र रहेका विद्यालयको गुणस्तर कायम राख्न अनुगमन तथा मूल्याङ्कनको प्रभावकारीताका लागि

आवश्यक विद्यालय निरिक्षणको व्यवस्था मिलाइनेछ । गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन र निर्देशन गर्न सक्नेछ । यस्तो निर्देशन पालना गर्ने तथा कार्यान्वयन गर्नु सम्बन्धित विद्यालयको दायित्व हुनेछ ।

४३. **अनुमति वा स्वीकृति रद्द गर्ने** : कुनै संस्थागत विद्यालयले कानून र नियम विपरीत कुनै काम गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

## परिच्छेदः ८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४४. (१) गाउँपालिका सरहदभित्र पर्ने विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) प्रमुख, गाउँपालिका भित्र रहेको प्रहरी कार्यालय - सदस्य

(ग) गाउँपालिका भित्रका मा.वि. शिक्षक वा प्र.अ. तथा संस्थागत विद्यालयका प्र.अ. वा शिक्षक मध्ये गाउँपालिकाले तोकेको दुई जना -सदस्य

(घ) शिक्षा अधिकृत -सदस्य-सचिव

(२) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्थानीय तहको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा

संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४) कक्षा ३ र ५ को स्तरीकरण परिक्षा र कक्षा ८ को अन्तिम परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम परीक्षा संचालन तथा समन्वय समितिले गर्नेछ ।

(५) उपदफा ३ र ४ वाहेकका कक्षाहरुको परीक्षा सञ्चालन विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ ।

## परिच्छेदः ९

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

४५. **विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शूल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

४६. **अनुदानको व्यवस्था** :

(१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रदान गरिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको मापदण्ड तथा शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरु तथा बालविकास केन्द्रहरुलाई गाउँपालिकाले तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

४७. **बजेट तयार गर्ने** : प्रधानाध्यापकले प्रत्येक शैक्षिक सत्रको अन्तमा आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमै पठाउनु पर्नेछ ।

४८. **लेखा व्यवस्थापन** :

(१) सबै विद्यालयहरुले प्रचलित कानून बमोजिमको ढाँचामा आय व्ययको लेखा व्यवस्थित गर्नुपर्ने छ ।

(२) नियमित कारोबारको लेखा राख्न वेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनुपर्नेछ ।

४९. **सामुदायिक विद्यालयको खाता संचालन** :

(१) विद्यालयले आर्थिक कारोबार गर्दा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंक मार्फत गर्नु पर्नेछ ।

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार प्र.अ. र अन्य शिक्षक/वि.व्य.स.ले तोकेको वि.व्य.स. पदाधिकारीको संयुक्त दस्तखतबाट विद्यालयको खाता सञ्चालन गर्न सकिनेछ ।

५०. **सामाजिक परिक्षण तथा लेखा परिक्षण** :

(१) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

(२) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको

पहिलो चौमासिक भित्र लेखा परिक्षण प्रतिवेदन गाउँ शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(३) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र वडा शिक्षा समिति मार्फत गाउँ शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठ पोषण लिनु पर्नेछ ।

५१. **छात्रवृत्तिको व्यवस्था गर्न सक्ने**: गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

५२. **शुल्क सम्बन्धी व्यवस्था** :

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँ शिक्षा समितिको स्वीकृतीमा निर्धारण गरिनेछ । त्यसरी शुल्क निर्धारण

गर्दा गाउँ शिक्षा समितिले विज्ञ सहितको समिति गठन गरी सो को प्रतिवेदन अनुसार गाउँ कार्यपालिकाबाट निर्णय भए बमोजिम हनेछ। शूल्क निर्धारणका आधारहरु गाउँ शिक्षा समितिले निर्धारण गर्नेछ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ। यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँ शिक्षा समितिले पचास हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

५३. **विद्यालयलाई छुट र सुविधा** :

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद: १०

## विविध

५४. **गाउँपालिकाले निर्देशन दिन सक्ने:**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित विषयहरुमा विद्यालय व्यवस्थापन समितिलाई निर्देशनहरु दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

५५. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन** :

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धि व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

५६. **प्रगति विवरण बुझाउनु पर्ने** : विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ कार्यपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

५७. **शिक्षक वा कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने** : विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय संचालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन ।

५८. **स्थानीय शिक्षा विकास कोष** :

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विपन्न, प्राकृतिक प्रकोप पिडित र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्न सक्नेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहनेछन् :

(क) संघिय सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शूल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन गाउँपालिकाको अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट कार्यविधि अनुसार हुनेछ ।

५९. **दण्ड सजाय** :

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले विगो असूल गरी विगो वमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः-

(क) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश  गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(घ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(च) कानून विपरीतका अन्य कार्य गरेमा,

(३) विद्यालयको शिक्षक वा कर्मचारी उपर फौजदारी अपराध, नैतिक पतन तथा भ्रष्टाचार जस्ता गम्भिर प्रकृतिका विषयको हकमा अदालतमा मुद्दा दायर भएमा सोही मितिदेखि निजलाई निलम्वन

गरिनेछ । अदालतबाट कसुरदार नठहरेमा निजको पुर्नवहाली हुनेछ ।

**६०.** विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया गाउँपालिकाको शिक्षा अधिकृतले सञ्चालन र सम्पन्न गर्नेछ ।

**६१.** वडा शिक्षा समितिको बैठकमा गाउँपालिकाको शिक्षा शाखाको कर्मचारीलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

**६२. पुनरावेदन लाग्ने** : तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

६३. **संक्रमणकालीन व्यवस्था** :

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली जारी नहुँदासम्म गाउँ कार्यपालिकाको निर्णय बमोजिम गर्न सकिनेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले दिन सक्नेछ । तर गाउँ शिक्षा समितिको तत्काल वैठक बस्न सक्ने अवस्था नभएमा पनि गाउँ कार्यपालिकाको कार्यालयले दिन सक्नेछ ।

(३) गाउँपालिकाको शिक्षा तथा व्यवस्थापन सम्बन्धी कार्यहरु शिक्षा अधिकृत वा शिक्षा शाखामा कार्यरत कर्मचारीले गर्नेछ । शिक्षा शाखामा शिक्षासँग सम्बन्धीत कर्मचारी नभएको अवस्थामा गाउँपालिकाले अन्य कुनै कर्मचारीलाई शिक्षा शाखाको जिम्मेवारी तोक्न सक्नेछ ।

६४. **बाधा अड्काउ फुकाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्नसक्नेछ । गाउँ कार्यपालिकाले

जारी गरेको त्यस्तो आदेश ६ महिना भित्रमा गाउँसभाद्धारा अनुमोदन नभएमा स्वतः निष्कृय हुनेछ ।

६५. **नियम बनाउने अधिकार** :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

६६. **बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही वमोजिम र नलेखिएको कुरामा प्रचलित कानून वमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन । यस अघि शिक्षा सम्बन्धि विषयमा गाउँकार्यपालिका/गाउँ सभाले निर्णय गरी गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(३) संविधान, संघिय कानून तथा प्रदेश कानून सँग बाँझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछन् ।

**प्रमाणीकरण मितिः २०७६।०१।०२**

**आज्ञाले,**
**प्रदिप कुमार खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**

गौरीशंकर गाउँपालिका, दोलखा

गौरीशंकर आयुर्वेदिका, दोलखा